| नौकुण्ड गाउँपालिका,रसुवा | | |
|---|---|---|
| **स्थानीय राजपत्र** | | |
| खण्ड ३ | संख्या ३ | मिति :२०७८/१/१८ |
| **भाग २**<br>**नौकुण्ड गाउँपालिका**<br>स्थानीय सरकार संचालन ऐन को दफा १०२ को उपदफा ३ बमोजिम गाउँ कार्यपालिकाले बनाएको तपसिल बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ। | | |
| सम्बत् २०७८ सालको कार्यविधि संख्या ३ | | |

नौकुण्ड गाउँपालिका रसुवा

# नौकुण्ड गाउँपालिकाको अनुगमन तथा सुपरिवेक्षण कार्यविधि, २०७७

**प्रस्तावनाः**

गाउँपालिकाको सञ्चित कोष अन्तर्गत सञ्चालन हुने विकास आयोजना, परियोजना वा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनका लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १४ (१) र १६ (४) को व्यवस्था वमोजिम गरिने अनुगमन तथा सुपरिवेक्षण कार्यलाई व्यवस्थित र प्रभावकारी तुल्याउन वाञ्छनीय भएकोले,

गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७६ को दफा ४ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी मिति २०७८ बैशाख १८ गते बसेको गाउँ कार्यपालिकाको बैठकले स्वीकृत गरि देहायको कार्यविधि बनाई लागु गरेको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u> :** (१) यस कार्यविधिको नाम "नौकुण्ड गाउँपालिकाको अनुगमन तथा सुपरिवेक्षण कार्यविधि, २०७७" रहेको छ ।

(२) यो कार्यविधि गाउँकार्यपालिकाले स्वीकृत गरेको मितिदेखि प्रारम्भ हुनेछ ।

२. **<u>परिभाषा</u> :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "अध्यक्ष" भन्नाले गाउँ कार्यपालिकाको अध्यक्ष सम्झनु पर्छ ।

(ख) "अनुगमन" भन्नाले नीति, योजना, कार्यक्रम तथा आयोजनाहरूमा लगानी तथा साधनको प्रवाह उचित ढंगले भए, नभएको वा अपेक्षित नतिजा हासिल भए, नभएको सम्बन्धमा यस कार्यविधि बमोजिम गरिने निरन्तर वा आवधिक रुपमा गरिने निगरानी, सूचना संकलन, विश्लेषण तथा सुधारात्मक कार्य सम्झनु पर्छ ।

(ग) "आयोजना" भन्नाले गाउँपालिकाको सञ्चित कोषबाट सञ्चालन हुने विकास निर्माण कार्य सम्झनु पर्छ र सो शब्दले संघीय तथा प्रदेश सरकार र गैर सरकारी संस्था एबम् सामुदायिक संस्थाबाट सञ्चालित विकास निर्माण कार्य समेतलाई जनाउँछ ।

(घ) "कार्यक्रम" भन्नाले गाउँपालिकाको सञ्चित कोषबाट सञ्चालन हुने कार्यक्रम सम्झनु पर्छ र सो शब्दले संघीय तथा प्रदेश सरकार र गैर सरकारी संस्था एबम् सामुदायिक संस्थाबाट सञ्चालित कार्यक्रम समेतलाई जनाउँछ ।

(ङ) "कार्यपालिका" भन्नाले गाउँ कार्यपालिका सम्झनु पर्छ ।

(च) "गाउँपालिका" भन्नाले नौकुण्ड गाउँपालिका सम्झनु पर्छ ।

(छ) "नागरिक समाज" भन्नाले गाउँपालिका क्षेत्रभित्र नागरिक समाजको रुपमा दर्ता भएका वा नभएका नागरिक अधिकारका लागि क्रियाशील संस्था वा व्यक्ति सम्झनु पर्छ ।

(ज) "प्रतिवेदन" भन्नाले अनुसूचि ३ बमोजिम समितिबाट पेश गरिने अनुगमन तथा सुपरिवेक्षण कार्यको नतिजा समावेश गरिएको दस्तावेज सम्झनु पर्छ ।

(झ) "विषयगत समिति" भन्नाले कार्यपालिकाबाट गठन गरिएका विषयगत जिम्मेवारी तोकिएका समिति सम्झनु पर्छ ।

(ञ) "समिति" भन्नाले दफा ४ बमोजिमको समिति सम्झनु पर्छ ।

(ट) "सुपरिवेक्षण" भन्नाले अपेक्षित नतिजा हासिल गर्न यस कार्यविधि बमोजिम समिति वा सो कामको निमित्त जिम्मेवार कर्मचारी वा पदाधिकारीबाट गरिने स्थलगत निरीक्षण वा चेकजाँच वा रेखदेख सम्बन्धी कार्य सम्झनु पर्छ ।

(ठ) "संयोजक" भन्नाले यस कार्यविधि बमोजिमको अनुगमन तथा सुपरिवेक्षण समितिको संयोजक सम्झनु पर्छ ।

३. **कार्यविधिको उद्देश्य** : यो कार्यविधि तर्जुमा गर्नुका उद्देश्यहरु देहाय बमोजिम रहेका छन् :

(क) अनुगमन समितिको कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउने,

(ख) अनुगमन तथा सुपरिवेक्षण कार्यलाई परिणाम र उपलब्धी प्राप्तिको औजारका रुपमा अपनाउने,

(ग) आयोजना र कार्यक्रम कार्यान्वयनमा स्रोत साधन र लाभग्राहीहरुको अपेक्षाबीच सन्तुलन कायम गर्ने,

(घ) अनुगमन कार्यमा संलग्न पदाधिकारीलाई मार्गदर्शन गर्दै अनुगमन प्रक्रियालाई पारदर्शी र नियमित बनाउने ।

४. **अनुगमन तथा सुपरिवेक्षण समिति** : (१) आयोजना तथा कार्यक्रमको लागत, परिमाण, समयसीमा र गुणस्तरीयताको आधारमा अनुगमन गरी पृष्ठपोषण दिनका लागि देहाय बमोजिमको अनुगमन तथा सुपरिवेक्षण समिति गठन हुनेछ :

| | |
|---|---|
| (क) गाउँपालिकाको उपाध्यक्ष | - संयोजक |
| (ख) कार्यपालिका सदस्यहरु मध्येबाट कार्यपालिकाले तोकेको दुई जना सदस्य | - सदस्य |
| (ग) प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| (घ) योजना तथा अनुगमन शाखा प्रमुख | - सदस्य सचिव |

(२) उपदफा (१) वमोजिमको समितिमा कार्यपालिकाले एक-एक जना नागरिक समाजका प्रतिनिधि र स्थानीय सञ्चारकर्मीलाई आमन्त्रित सदस्यको रुपमा तोक्नेछ ।

(३) समितिले आफ्नो कामलाई छिटोछरितो र प्रभावकारी बनाउन आफुमध्येबाट विषयगत रुपमा अनुगमन टोली गठन गरी जिम्मेवारी तोक्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिमको विषयगत अनुगमन टोलीले स्थलगत अनुगमन गर्दा सम्वन्धित आयोजना तथा कार्यक्रम कार्यान्वयनमा संलग्न कर्मचारीलाई सहभागि गराउनु पर्नेछ ।

५. **समितिको काम, कर्तब्य र अधिकार** : (१) आयोजना तथा कार्यक्रमबाट अपेक्षा गरिएको नतिजा प्राप्तीका लागि सहजीकरण गर्ने अनुगमन तथा सुपरिवेक्षण समितिको प्रमुख जिम्मेवारी हुनेछ ।

(२) समितिका अन्य काम, कर्तब्य र अधिकार देहाय बमोजिम रहेका छन् :

(क) गाउँपालिकाबाट सञ्चालित आयोजना तथा कार्यक्रम अनुगमनका लागि वार्षिक कार्यतालिका तयार गरी कार्यपालिकालाई जानकारी दिने,

(ख) कार्यतालिका अनुसार नियमित र आवश्यकता अनुसार आकस्मिक अनुगमन तथा निरिक्षण गर्ने,

(ग) अनुगमन तथा सुपरिवेक्षण कार्यलाई प्रभावकारी वनाउन आवश्यकता अनुसार समितिका कृयाकलापहरुमा विज्ञहरुलाई संलग्न गराउने,

(घ) अनुगमन सम्पन्न भएको सात दिन भित्र सोको प्रतिवेदन कार्यपालिकामा पेश गरी कार्यपालिकाको बैठकमा छलफल गर्ने गराउने,

(ङ) अनुगमनको क्रममा देखिएका विषयमा सुधारका लागि सम्बन्धित प्राविधिक तथा सम्बद्ध उपभोक्ता समिति, परामर्शदाता एबम् निर्माण व्यबसायीलाई निर्देशन दिने,

(च) अनुगमन कार्यको वार्षिक प्रतिवेदन तयारी गरी आर्थिक वर्षको अन्तिममा कार्यपालिकामा पेश गर्ने र नयाँ आर्थिक वर्षको पहिलो महिना भित्र विबरणहरु सार्वजनिक गर्ने व्यवस्था मिलाउने ।

(३) अनुगमन समितिले यस कार्यविधि बमोजिम अनुगमन गरी प्रतिबेदन पेश गर्दा मुख्य रुपमा देहायका विषयहरु समावेश गर्नु पर्नेछ :

(क) स्रोत साधनको प्राप्ति र प्रयोगका क्रममा स्वीकृत बजेट र समय तालिका अनुसार भए नभएको,

(ख) अपेक्षित प्रतिफलहरु समयमै र लागत प्रभावकारी रुपमा हासिल भए नभएको,

(ग) कार्यान्वयनकर्ताको कार्यदक्षता र तत्परता के कस्तो छ,

(घ) कार्यान्वयनमा के कस्ता समस्या र बाधा व्यबधानहरु देखिएका छन् र तिनको समाधानका निम्ती के कस्ता उपायहरु अवलम्बन गर्नु पर्छ ।

(४) अनुगमन समितिले उपदफा (३) बमोजिम पेश गरेको प्रतिवेदन उपर कार्यपालिकाको वैठकमा कम्तीमा दुई महिनामा एक पटक छलफल गर्ने व्यबस्था मिलाउनु पर्नेछ ।

(५) समितिको प्रतिबेदनको आधारमा कार्यपालिकाले योजना कार्यान्वयनमा देखिएका त्रुटीहरु सच्याउन तथा समय र गुणस्तर कायम गर्न उपभोक्ता समिति, निर्माण व्यबसायी, परामर्शदाता तथा कर्मचारीलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(६) उपदफा (५) बमोजिम कार्यपालिकाबाट दिइएका निर्देशन पालना गर्नु सम्बन्धित पक्षको कर्तब्य हुनेछ ।

६. **अनुगमन गर्दा ध्यान दिनुपर्ने** : अनुगमन तथा सुपरिवेक्षण समितिले यस कार्यविधि बमोजिम आयोजना तथा कार्यक्रमहरुको अनुगमन गर्दा देहायका विषयमा ध्यान दिनु पर्नेछ :

(क) कार्यतालिका अनुसार काम भए नभएको एकीन गर्ने,

(ख) तोकिएको कामको समय, लागत र गुणस्तर कायम गराउने,

(ग) आयोजना वा कार्यक्रम कार्यान्वयनको क्रममा भएका गल्ती वा कमजोरी तत्काल सुधार गर्न लगाउने,

(घ) डिजाइन वा कार्यान्वयनमा भएका गल्ती सुधार गरी सार्वजनिक कोषको अपव्यय हुनबाट रोक्ने,

(ङ) आर्थिक वर्षको अन्तिम समयमा हुने विकास कार्यलाई सुधार गरी समयमै सम्पन्न गराउने,

(च) अनुगमन तथा सुपरिवेक्षण कार्यलाई पारदर्शि र सहभागितामूलक बनाई,महिला, विपन्न वर्गहरु तथा (कोहि पनि नहुटुन्) को अवधारणालाई आम जनतामा गाउँपालिकाले गर्ने विकास निर्माण कार्यप्रति सकारात्मक भावनाको विकास गराउने ।

७. **समितिको कार्यक्षेत्र तथा अनुगमन विधि :** (१) अनुगमन तथा सुपरिवेक्षण समितिले गाउँपालिबाट स्वीकृत भएका वा गाउँपालिकाको लगानीमा सञ्चालन गरिएका र गाउँपालिका क्षेत्रभित्र गैर सरकारी संस्थाद्वारा सञ्चालित आयोजना तथा कार्यक्रमहरुको अनुगमन गर्नेछ ।

(२) अनुगमन समितिले यस कार्यविधि बमोजिम अनुगमन तथा सुपरिबेक्षण कार्य गर्दा देहायका मध्ये कुनै वा सबै तरिकाको प्रयोग गर्न सक्नेछ :

(क) कार्यान्वयनमा संलग्न व्यक्ति समूह वा निकायबाट नियमित प्रतिबेदन लिने,

(ख) स्थलगत अवलोकन गर्ने,

(ग) सरोकारवालाहरुसँग छलफल आयोजना गर्ने,

(घ) नागरिक समाजका सँस्था तथा मिडिया परिचालन गर्ने,

(ङ) सार्वजनिक परिक्षण तथा सार्वजनिक सुनुवाई आयोजना गर्ने,

(च) आयोजनाको प्राविधिक परिक्षण गर्ने,

(छ) सेवाग्राही सन्तुष्टी सर्वेक्षण तथा समितिले उपयुक्त ठहर गरेका अन्य विधिहरु ।

८. **आयोजना तथा कार्यक्रमको वर्गिकरण** : (१) अनुगमन तथा सुपरिवेक्षणका लागि आयोजना तथा कार्यक्रमलाई विषयगत क्षेत्रका आधारमा देहाय वमोजिम वर्गिकरण गरिनेछ :

(क) गाउँपालिका स्तरका पूर्वाधार विकास आयोजना

(ख) क्षमता अभिवृद्धि र सीप विकास सम्वन्धी कार्यक्रम



नौकुण्ड गाउँपालिका

(ग) स्वरोजगार तथा उत्पादनमूलक र उद्यमशीलता प्रवर्द्धन गर्ने आयोजना र कार्यक्रम

(घ) वडास्तरीय आयोजना तथा कार्यक्रम

(२) उपदफा (१) बमोजिम गरिएको वर्गीकरण एवं आयोजना तथा कार्यक्रममा गरिने लगानी समेतका आधारमा समितिले अनुगमनको प्राथमिकता निर्धारण गर्न सक्नेछ ।

९. **वडास्तरीय अनुगमन समिति गठन गर्न सकिने :** (१) वडास्तरमा सञ्चालन गरिने योजनाको लागत, परिमाण, समय सीमा र गुणस्तरीयताका आधारमा अनुगमन गरी आवश्यक पृष्ठपोषण दिनका लागि देहाय बमोजिमको वडास्तरीय अनुगमन समिति गठन हुनेछ :

| | |
|---|---|
| (क) सम्बन्धित वडाको वडाध्यक्ष | -संयोजक |
| (ख) वडा समितिका सदस्यहरु | -सदस्य |
| (ग) वडा सचिव | -सदस्य सचिव |

(२) समितिले आवश्यकता अनुसार सम्बन्धित आयोजना हेर्ने प्राविधिक कर्मचारीलाई समितिको वैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) वडास्तरीय अनुगमन समितिले अनुगमनको क्रममा देखिएका विषयका सम्बन्धमा समितिलाई नियमित रुपमा जानकारी गराउनु पर्नेछ ।

(४) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि अध्यक्षले गाउँपालिकाबाट सञ्चालित आयोजना तथा कार्यक्रमको आवश्यकता अनुसार स्थलगत अनुगमन गर्न वाधा पुर्‍याउने छैन ।

१०. **उपभोक्ता समितिबाट अनुगमन गर्ने :** (१) आयोजनामा गुणस्तर तथा परिमाण कायम गरी निर्धारित समयमा सम्पन्न गर्न उपभोक्ताहरुको भेलाबाट कम्तीमा एक जना महिला सहित बढीमा तीन देखि पाँच सदस्यीय अनुगमन समिति गठन गरिनेछ ।

(२) उपभोक्ता समितिबाट गठन गरिने अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) आयोजनाको कार्यान्वयनमा देखिएका वाधा, व्यवधान र समस्या समाधानका लागि आवश्यक सहजीकरण गर्ने,

(ख) आयोजना कार्यान्वयन कार्यतालिका अनुसार भए नभएको एकीन गर्ने र नभएको अवस्थामा सम्बन्धित पक्षलाइ सचेत गराउने,

(ग) आयोजनाको सफल कार्यान्वयनका लागि आवश्यक अन्य कार्यहरु गर्ने ।

**११. <u>अनुगमन तालिका तयार गर्नुपर्ने</u>** (१) अनुगमन तथा सुपरिवेक्षण समितिले आयोजना तथा कार्यक्रमहरुको अनुगमनका लागि आयोजना कार्यान्वयन तालिका अनुरुप हुने गरी वार्षिक अनुगमन तालिका तयार गर्नु पर्नेछ ।

(२) उपदफा (१) वमोजिम तयार भएको तालिकालाई अनुगमन समितिबाट निर्णय गराई कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम पेश हुन आएको तालिका उपर आवश्यक छलफल गरी कार्यपालिकाले स्वीकृति प्रदान गर्नेछ ।

(४) उपदफा (३) बमोजिम स्वीकृत तालिका समग्र रुपमा आयोजना तथा कार्यक्रमहरुको कार्यान्वयनकर्ता उपभोक्ता समिति, निर्माण ब्यसायी, आपूर्तिकर्ता, सेवा प्रदायक (कम्पनी वा संस्था) र सम्वन्धित वडा समितिलाई अग्रिम रुपमा जानकारीको लागि उपलब्ध गराउनु पर्नेछ ।

**१२. <u>अनुगमन कार्यको लागि स्रोतको प्रबन्ध :</u>** (१) अनुगमन तथा सुपरिवेक्षण समितिको कार्यतालिका वमोजिमका कार्यहरु सम्पन्न गर्नका लागि आवश्यक पर्ने साधन स्रोतको प्रबन्धका लागि वार्षिक बजेटमा व्यवस्था गरिनेछ ।

(२) स्वीकृत वार्षिक बजेटका आधारमा कार्यतालिका वमोजिम अनुगमन तथा सुपरिवेक्षणको लागि आवश्यक स्रोतसाधनको प्रबन्ध गर्ने दायित्व प्रमुख प्रशासकीय अधिकृतको हुनेछ ।

(३) अनुगमन तथा सुपरिवेक्षण कार्यमा संलग्न रहने समितिका पदाधिकारीको भत्ता तथा अन्य सुविधा सम्बन्धी व्यबस्था प्रदेश कानून बमोजिम हुनेछ ।

(४) अनुगमन तथा सुपरिवेक्षण सम्वन्धी कार्यमा सहजीकरण गर्ने, अनुगमन प्रतिवेदनको अभिलेख राख्ने र अनुगमनबाट प्राप्त पृष्ठपोषणलाई लिखित रुपमा कार्यान्वयनकर्ता समक्ष प्रेषित गर्ने कार्यका लागि कार्यपालिकाबाट छुट्टै शाखा वा अधिकारीलाई जिम्मेवारी तोक्नु पर्नेछ ।

**१३. <u>अनुगमन गर्दा लेखाजोखा गर्नुपर्ने विषय :</u>** (१) पूर्वाधार विकास सम्बन्धी आयोजनाहरुको अनुगमन गर्दा **अनुसूची १** वमोजिमका विवरणहरुको लेखाजोखा गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको लेखाजोखा गर्दा आयोजना कार्यान्वयनको प्रारम्भिक चरणमा देहायका विषयमा केन्द्रित रही अनुगमन गर्नु पर्नेछ :

(क) बजेट रकमको आकार

(ख) आयोजना कार्यान्वयन गरिने स्थान

(ग) लाभग्राही समुदायका सरोकारका विषयहरु

(घ) निर्माण गरिने संरचनाको किसिम, आकार वा परिमाण, डिजाइन, गुणस्तर, आदि

(ङ) आवश्यक पर्ने निर्माण सामग्रीको आपूर्ती स्रोत र सोको गुणस्तर

(च) स्वीकृत लागत अनुमान तथा डिजाइनमा आउन सक्ने संभावित परिवर्तन, आदि ।

(३) पूर्वाधार आयोजनाको निर्माणधीन अवस्थामा नियमित प्रक्रियागत अनुगमन र निर्माण सम्पन्न भएपछि अन्तिम अनुगमन गरिनेछ । अन्तिम अनुगमन देहायका विषयमा केन्द्रित रहनेछ :

(क) आयोजना स्वीकृत डिजाइन अनुसार सम्पन्न भए नभएको,

(ख) स्वीकृत लागत अनुमान अनुसार काम सम्पन्न भए नभएको,

(ग) निर्माण कार्यको गुणस्तर,

(घ) डिजाइन वा लागतमा परिवर्तन भएको भए सोको औचित्य,

(ङ) आयोजनाबाट अपेक्षित प्रतिफल प्राप्त हुन सक्ने अवस्था भए नभएको,

(४) क्षमता अभिवृद्धि र सीप विकास सम्वन्धी कार्यक्रमको प्रगति अनुगमन गर्दा कार्यक्रम लागत, सहभागीता, समयावधि, सिकाईका विषयवस्तु र लाभग्राहीको पृष्ठपोषण जस्ता विषय समावेश गर्नु पर्नेछ ।

(५) स्वरोजगार तथा उत्पादनमूलक र उद्यमशीलता प्रवर्द्धन गर्ने आयोजना र कार्यक्रमको प्रगति अनुगमन गर्दा लाभग्राही समूदायले गाउँपालिकाबाट प्राप्त ऋण वा अनुदानको मात्रा, गाउँपालिकाबाट प्रदान गरिएका यन्त्रऔजार र उपकरण, प्राविधिक सहायताको प्रकृति, प्राप्त सहायताको उपयोगको स्तर जस्ता विवरणहरु संलग्न गर्नु पर्नेछ ।

(६) उपदफा (५) बमोजिमको अनुगमन कार्य गर्दा त्यस्तो आयोजना वा कार्यक्रम कम्तीमा पचास प्रतिशत भन्दा बढी अंश कार्यान्वयनमा आइसकेको हुनु पर्नेछ ।

(७) वडास्तरीय आयोजनाको अनुगमन सम्बन्धित वडाको वडास्तरीय अनुगमन समितिका अलावा अनुगमन तथा सुपरिवेक्षण समितिबाट समेत अनुगमन गर्न सक्नेछ ।

१४. **अनुगमनका क्रममा ध्यान दिनुपर्ने** : (१) समितिको सदस्य सचिवले स्थलगत अनुगमनमा जानुअघि समितिका संयोजक तथा सदस्यहरुलाई कुन कुन आयोजना तथा कार्यक्रमको अनुगमन गरिने हो सोको जानकारी सहित स्थलगत अनुगमनमा जाने र फर्किने समय, भ्रमणको लागि तय गरिएको बाटो, सवारी साधन लगायतका विषयमा विस्तृत जानकारी दिनु पर्नेछ ।

(२) स्थलगत अनुगमनमा निस्कनु अघि समितिले आयोजना तथा कार्यक्रमसँग सम्बन्धित लागत अनुमान, सम्झौता जस्ता कागजातहरु तथा अनुमन स्थलको जानकारी लिने तस्वीर खिच्नको लागि क्यामरा लगायतका साधनको समेत सुनिश्चित गर्नु पर्नेछ ।

(३) समितिको सदस्य सचिवले अनुगमनको क्रममा आयोजना तथा कार्यक्रम कार्यान्वयनमा सम्वद्ध निकाय, समिति, व्यक्ति वा संस्था र सोको सुपरिवेक्षणको लागि जिम्मेवारी तोकिएको व्यक्ति वा पदाधिकारीलाई अनुगमन स्थलमा उपस्थितिको लागि पूर्वसूचना गर्नु पर्नेछ ।

(४) समितिले अनुगमनको कार्यक्रम तालिका बारे अध्यक्षलाई समेत अग्रिम जानकारी दिनु पर्नेछ ।

(५) समितिले आयोजनाको स्थलगत अनुगमनको क्रममा गाउँपालिका वा वडाको निर्वाचनमा निकटतम प्रतिद्वन्द्वी रहेका उम्मेद्वार वा दलसँग आवद्ध व्यक्ति वा पदाधिकारीलाई समेत सँलग्न गराई पृष्ठपोषण प्राप्त गर्न सक्नेछ ।

**१५.** **<u>अनुगमन पश्चात पूरा गर्नुपर्ने प्रक्रिया</u> :** (१) अनुगमनको क्रममा सम्वन्धित आयोजना वा कार्यक्रमको अवस्था झल्किने गरी पर्याप्त तस्वीर लिई त्यस्तो तस्विरलाई अनुगमन प्रतिवेदनको अनिवार्य अंशका रुपमा संलग्न गरिनु पर्नेछ ।

(२) अनुगमन सम्पन्न भएपश्चात अनुगमनको निष्कर्षका लागि समितिको बैठक बसी छलफल गर्ने र सो छलफल तथा स्थलगत अनुगमनबाट संकलन गरिएका सूचना तथा विबरण संकेतका आधारमा अनुसूची ३ बमोजिमको ढाँचामा प्रतिवेदन तयार गरी अनुगमन गरेको मितिले सात दिनभित्र कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको प्रतिवेदन तयारीका लागि समितिले सदस्य सचिव वा समितिका अन्य कुनै सदस्यलाई जिम्मेवारी तोक्न सक्नेछ ।

(४) उपदफा (२) बमोजिम तयार भएको प्रतिवेदन समितिका संयोजक मार्फत छलफलको निमित्त कार्यपालिका बैठकमा प्रस्तुत गरिनेछ

(५) अनुगमन प्रतिवेदन बेगर समितिका पदाधिकारीलाई कुनै किसिमको भत्ता वा सुविधा उपलब्ध गराइने छैन ।

**१६.** **<u>भुक्तानी गर्दा ध्यान दिनुपर्ने</u> :** (१) कार्यालयले आयोजना वा कार्यक्रमको अन्तिम किस्ता भूक्तानी गर्दा अनुगमन प्रतिवेदन अनिवार्य रुपमा संलग्न भएको हुनुपर्नेछ ।

तर कार्यपालिकाले तीन लाखभन्दा साना आयोजना वा कार्यक्रममा यस्तो प्रतिवेदनको अनिवार्यता नरहने गरी व्यबस्था गर्न सक्नेछ ।

(२) आयोजना वा कार्यक्रमको अन्तिम किस्ता भूक्तानी दिनुअघि अनुगमन प्रतिवेदनले औंल्याएका गम्भीर प्रकृतिका विषयहरुमा आवश्यक सुधार गरेको व्यहोरा सम्बन्धित प्राविधिकबाट सुनिश्चित गरिएको हुनु पर्नेछ ।

**१७.** **<u>विविध</u> :** (१) वडास्तरिय अनुगमन समितिबाट गरिने अनुगमनमा समेत यस कार्यविधिमा भएका व्यबस्थालाई संभव भएसम्म अवलम्बन गर्नुपर्नेछ ।

(२) वडास्तरीय अनुगमन समितिले अनुगमन गरी तयार गरेको प्रतिवेदनको एक प्रति अनुगमन सम्पन्न भएको सात दिनभित्र अनुगमन तथा सुपरिबेक्षण समिति समक्ष पेश गर्नुपर्नेछ ।

(३) समितिले आयोजना तथा कार्यक्रमको स्थलगत अनुगमन गर्दा यस कार्यविधिमा भएको व्यबस्था अनुरुप विवरण संकलनका लागि अलग्गै चेकलिष्ट तयार गर्न सक्नेछ ।

(४) समितिले अनुगमन गर्दा प्राप्त गरेको अनुभवका आधारमा कार्यपालिकाले समय समयमा यस कार्यविधिमा आवश्यक परिमार्जन वा हेरफेर गर्न सक्नेछ ।

(५) यस कार्यविधि कार्यान्वयनको क्रममा कुनै वाधा उत्पन्न भएमा त्यस्तो वाधा अड्काउ फुकाउने अधिकार कार्यपालिकालाई हुनेछ ।

नौकुण्ड गाउँपालिका मस्यौदा

अनुसूची १

**पूर्वाधार सम्वन्धी आयोजना अनुगमन गर्दा लेखाजोखा गर्नुपर्ने विषयहरु**

| | |
|---|---|
| अनुगमन गरिने आयोजना कार्यक्रमको नाम : | |
| आयोजना कार्यक्रमको ठेगाना | |
| परियोजनाको लागत अनुमान | |
| परियोजना सम्पन्न हुने मिति र अवधि | |
| लाभान्वित हुने परिवार संख्या | |
| कार्यान्वयनमा संलग्न हुने निकाय र कार्यान्वयनमा तत्परता | |
| लाभग्राहीहरुको धारणा र सुझाव | |
| शुरुवाती डिजाइन अनुसारको फाउण्डेशन भए नभएको | |
| निर्माण सामाग्रीको गुणस्तर र ब्रान्ड | |
| भौगोलिक एवं वातावरणीय जोखिम | |
| संलग्न प्राविधिकको कमेन्ट | |
| नागरिक समाज र राजनैतिक दलका प्रतिनिधिको धारणा | |

नौकुण्ड गाउँपालिका रसुवा

अनुसूची २

**स्वरोजगार, क्षमता अभिवृद्धि र उत्पादनमूखी आयोजना तथा कार्यक्रम अनुगमन गर्दा लेखाजोखा गर्नुपर्ने विषयहरु**

| | |
|---|---|
| अनुगमन गरिने आयोजना कार्यक्रमको नाम | |
| कार्यक्रमको लागत अनुमान | |
| परियोजना सम्पन्न हुने मिति र अवधि | |
| लाभान्वित हुने परिवार संख्या | |
| कार्यान्वयनमा संलग्न हुने निकाय र कार्यान्वयमा तत्परता | |
| लाभग्राहीहरुको धारणा र अपेक्षा | |
| अपेक्षित उपलब्धी | |
| सिकाई र प्राप्तिको स्तर | |
| आयोजना कार्यक्रमको लाभबाट प्रदर्शन प्रभाव सिर्जना हुने नहुने | |
| सहयोग गरिएका सामाग्री वा यन्त्र उपकरणको गुणस्तर | |
| संलग्न कर्मचारीको कमेन्ट | |
| नागरिक समाज र राजनैतिक दलका प्रतिनिधिको धारणा | |

नौकुण्ड गाउँपालिका मस्यौदा

अनुसूची ३

**अनुगमन प्रतिवेदनको ढाँचा**

| | |
|---|---|
| अनुगमन गरिने आयोजना कार्यक्रमको नाम | |
| आयोजना कार्यक्रमको ठेगाना | |
| अनुगमन मिति | |
| अनुगमनमा संलग्न टोली सदस्यहरुको नाम | |
| कार्यान्वयनकर्ताको नाम | |
| कार्यान्वयन शुरु मिति | |
| परियोजना पूरा हुने प्रस्तावित मिति | |
| सम्पन्नतामा लाग्न सक्ने थप अवधि | |
| परियोजनाको लागत थपघट हुने अवस्था | |
| लाभान्वित हुने परिवार संख्या | |
| कार्यान्वयनमा संलग्न हुने अन्य निकायहरु | |
| लाभग्राहीहरुको धारणा र अपेक्षा | |
| शुरुवाती डिजाइनमा हेरफेर भएको भए सो को विवरण (तस्वीर सहित) | |
| भौगोलिक एवं वातावरणीय प्रभाव | |
| लक्षित समूहको उत्थानमा पुग्ने योगदान | |
| कार्यान्वयनका क्रममा अब सुधार गर्नुपर्ने ( बुँदागत उल्लेख गर्ने) | |
| कार्यान्वयनकर्तालाई विशेष सुझाव | |
| फोटोग्राफ | |
| सम्वद्ध विषयगत कर्मचारीको राय कमेन्ट | |
| हस्ताक्षर (संयोजकको अनिवार्य) | |

नौकुण्ड गाउँपालिका रसुवा

प्रमाणिकरण मिति : २०७८/०१/२१

आज्ञाले

नेत्रराज गिरी

प्रमुख प्रशासकीय अधिकृत

नौकुण्ड गाउँपालिका मस्यौदा